**अध्यक्षज्यूको मन्तव्य**

नमस्कार

- श्रीमान मुख्य सचिवज्यू
- श्रीमान सचिवज्यूहरु
- श्री सहसचिवज्यूहरु, उपसचिवज्यूहरु
- महासंघका पदाधिकारीज्यूहरु
- समिति सभापतिज्यूहरु
- कार्यकारिणी समितिका सदस्यज्यूहरु

**निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको वर्तमान नवनिर्वाचित टिम नेपाल सरकारका मुख्य सचिव श्रीमान शंकरदास बैरागीज्यू सहित आमन्त्रित श्रीमान सचिवज्यूहरु, सहसचिवज्यूहरु, उपसचिवज्यूहरु एवं आमन्त्रित सबैमा हार्दिक स्वागत अभिवादन गर्दछु ।**

**महासंघको सम्पन्न निर्वाचनः**

- महासंघको ५४ औं वार्षिक साधारण सभा सम्पन्न भई विभिन्न ६४ पदका लागि भएको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । एक वरिष्ठ उपाध्यक्ष, तीन उपाध्यक्षहरु र ६० कार्यकारिणी समिति सदस्यहरुका लागि निर्वाचन भएको थियो । विधानतः अघिल्लो कार्यकालका वरिष्ठ उपाध्यक्षनै स्वतः अध्यक्ष हुने प्रावधान अनुसार मेरो नेतृत्वमा

वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र कार्यकारिणी समिति सदस्यहरु सहितको Full Board गठन भैसकेको छ ।

- महासंघको निर्वाचन पनि ठूलै हुन्छ र निर्वाचनका वखत समूह समूह बनाएर निर्वाचन पनि लड्छौं । Ballot Box मा मत खसाले पछि ती सवै समूह विलय भई एकै समूह मात्र हुन्छ त्यो हो- FNCCI
- अस्ति आइतवार मात्र नवनिर्वाचित कार्यकारिणी समितिका सदस्यहरुबाटै सभापति रहने गरी विधान अनुसार गठन हुने समिति तथा फोरमले समेत पूर्णता पाइसकेका छन् । र तीनै समिति तथा फोरमहरु मार्फत विषयगत एजेण्डाहरुमाथि छलफल गरेर नेपाल सरकारमा क्षेत्रगत सुझाव दिने महासंघको अभ्यास रहदै आएको छ ।
- अब म महासंघका पदाधिकारी र समिति सभापति ज्यूहरुको परिचय गराउन चाहन्छु ।
    - श्री भवानी राणा निवर्तमान अध्यक्ष
    - श्री पशुपति मुरारका, विशिष्ठ सदस्य एवं पूर्व अध्यक्ष
    - श्री चन्द्र प्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष
        - उहाले निम्न समितिहरुको समन्वय पनि गर्नुहुन्छ
            - **स्थल यातायात तथा पारवहन समिति**
            - **कर तथा राजस्व समिति**
            - **पर्यटन तथा हवाई यातायात समिति**
            - **बैंक वित्तिय तथा बीमा समिति**
            - **अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समिति**

        - **द्विराष्ट्रिय एवं गैरआवासीय नेपाली समन्वय फोरम**
        - **सामाजिक सेवा फोरम**

- जिल्ला नगर तर्फको उपाध्यक्ष श्री दिनेश श्रेष्ठ हुनुहुन्छ ।
    - उहाले निम्न समितिको समन्वय गर्नु हुन्छ ।
        - **घरेलु तथा साना उद्योग समिति**
        - **महिला उद्यमी विकास समिति**
        - **व्यापार मेला समिति**
        - **स्थानीय आर्थिक विकास समिति**
        - **स्वास्थ्य तथा शीप विकास समिति**
- वस्तुगत तर्फको उपाध्यक्ष श्री अन्जन श्रेष्ठ हुनुहुन्छ
    - उहाले समन्वय गर्ने समितिहरु यस प्रकार छन्
        - **उद्योग समिति**
        - **व्यापार समिति**
        - **निर्यात प्रवर्द्धन समिति**
        - **Start up and Innvoation समिति**

- **चलचित्र तथा मनोरञ्जन फोरम**
- **पूंजी बजार फोरम**

○ यसैगरि एसोसिएट तर्फको उपाध्यक्ष श्री रामचन्द्र संघई हुनुहुन्छ

▪ **उहाले निम्न समितिको समन्वय गर्नु हुन्छ**

- **सूचना तथा सञ्चार प्रविधि विकास समिति**
- **उर्जा तथा वातावरण समिति**
- **वैदेशिक रोजगार फोरम**

○ हाम्रो कोषाध्यक्ष सकुन्तलाल हिराचन हुनुहुन्छ र उहाले शहरी बिकास समितिको समन्वय गर्नुहुन्छ ।

अब म समिति र फोरमका सभापति अर्थात इन्चार्ज ज्यूहरुको परिचय गराउन चाहन्छु । यसमा

| | |
|---|---|
| उद्योग समिति | श्री भरतराज आचार्य |
| व्यापार समिति | श्री विजय सिंह वैध |
| घरेलु तथा साना उद्योग समिति | श्री डी.वि.बस्नेत |
| महिला उद्यमी विकास समिति | श्री रीता सिम्ह |
| स्थल यातायात तथा पारवहन समिति | श्री प्रकाश सिंह कार्की |
| कर तथा राजस्व समिति | श्री सन्दिप कुमार अग्रवाल |
| पर्यटन तथा हवाई यातायात समिति | श्री ज्योत्सना श्रेष्ठ |
| सूचना तथा सञ्चार प्रविधि विकास समिति | श्री मंगेशलाल श्रेष्ठ |

| | |
|---|---|
| बैंक वित्तिय तथा बीमा समिति | श्री शाहिल अग्रवाल |
| निर्यात प्रवर्द्धन समिति | श्री मनिष लाल प्रधान |
| व्यापार मेला समिति | श्री नरेन्द्र कुमार खड्का |
| उर्जा तथा वातावरण समिति | श्री गोपाल खनाल |
| अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन समिति | श्री आनन्द कुमार अग्रवाल बगडीया |
| Start up and Innovation समिति | श्री रञ्जित राज आचार्य |
| स्थानीय आर्थिक विकास समिति | श्री सुरकृष्ण वैद्य |
| शहरी विकास समिति | श्री मीन मान श्रेष्ठ |
| स्वास्थ्य तथा शीप विकास समिति | श्री हेमराज ढकाल |

यसैगरि फोरमहरुमा

| | |
|---|---|
| द्विराष्ट्रिय एवं गैर आवासीय नेपाली समन्वय फोरम | श्री देश बन्धु बस्नेत (अजित) |
| सामाजिक सेवा फोरम | श्री राजन श्रेष्ठ |
| चलचित्र तथा मनोरञ्जन फोरम | श्री आकाश अधिकारी |
| पूंजी बजार फोरम | श्री अम्बिका प्रसाद पौडेल |

| | |
|---|---|
| वैदेशिक रोजगार फोरम | श्री विष्णु गैरे |

- यसैगरि महासंघमा जिल्ला/नगर उवासंघ ११३, वस्तुगत १०३, द्विराष्ट्रिय उवासंघ २० र विभिन्न उद्योग प्रतिष्ठान कम्पनी, वैंक, बीमा, होटल समेत गरी ९६९ एशोसिएट सदस्य छन । यसरी हेर्दा महासंघ दशभरि नै प्रतिनिधित्व भएको सरकार पछिको दोस्रो ठूलो संजाल भएको संस्था हो । महासंघको अन्तराष्ट्रिय सम्बन्ध संजाल पनि बलियो छ । महासंघसंग हालसम्म चार दर्जन भन्दा बढी अन्तराष्ट्रिय संघ/संस्थाहरुले संस्थागत सहकार्य गर्दै आएका छन् ।

**सरकारसंग सहकार्यः**

- महासंघको स्थापनादेखिनै नेपाल सरकारसंग सहकार्य हुंदै आएको छ । महासंघले नेपाल सरकारले तर्जुमा गर्ने आर्थिक, मौद्रिक तथा वाणिज्य, वैदेशिक लगानी, श्रम, पर्यटन, उर्जा क्षेत्रसंग सम्बन्धित कानुन तथा नीति निर्माण, शंसोधन र खारेजी प्रक्रियामा निजी क्षेत्रको तर्फबाट एकवद्ध भई परामर्श दिने, सल्लाह सुझाव दिने कार्य गर्दै आएको छ ।

- नेपाल सरकारबाट गठित विभिन्न वोर्ड, समिति, संस्थानहरुमा समेत गरी करिव चार दर्जन भन्दा बढी सरकारी निकायमा महासंघको सशक्त प्रतिनिधित्व रहेको छ । महासंघले ती निकायहरुमा रही सरकारलाई महत्वपूर्ण सल्लाह सुझाव सहित आवश्यक सहयोग गर्दै आएको छ ।

**अर्थतन्त्रको अवस्था र निजी क्षेत्रको योगदानः**

- आज म कोभिड १९ महामारीको असरबारे धेरै चर्चा गर्न चाहन्न । किनभने हामी सबैं यो बिषयमा जानकार छौ । हामीले यसअघि कहिल्लै भोग्नु नपरेको यो सामाजिक आर्थिक स्वास्थ्य समस्या हो । लकडाउन र निषेधाज्ञापछि अर्थतन्त्र क्रमशः चलायमान हुन थालेको छ ।

- हालसम्म रेमिट्यान्स बढिरहेकाले अर्थतन्त्रलाई गति दिन यसले ठूलो योगदान पुर्‍याएको छ। विगत देखि नै वैदेशिक रोजगार मुलुकको संकटमा सहयोगी वन्दै आएको हो । त्यसैले यसपटक हामीले महासंघमा वैदेशिक रोजगार फोरम गठन गरेको यसलाई मर्यादित र व्यवसायिक बनाउने पहल पनि थालेका छौं ।

- यसैगरि निर्यात पनि बढिरहेको छ । आयात घटेको छ । शोधनान्तर एक सय १० अर्बले बचतमा छ । विदेशी विनिमय संचिति १५ खर्ब नाघेको छ । यसले भोलीका दिनमा अर्थतन्त्र पुरै तंग्रिएर विदेशी मुद्राको माग हुदा पनि हामी समस्यामा पर्ने छैनौ । औद्योगिक वातावरण सुधार हुन सक्यो भने कच्चापदार्थ आयातमा कुनै समस्या हुनेछैन । यसै सन्दर्भमा उद्योग मन्त्रालयले तयारी वस्तु र कच्चा पदार्थबीचमा कति फरक गर्न सकिन्छ भनेर राय मागेको छ। यसका लागि म उद्योग मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु।

- चालु आर्थिक बर्षको पहिलो चार महनिामा बैंक वित्तिय संस्थाको निक्षेप र कर्जा दुवै करिब ५ प्रतिशतले बढेको छ। निजी क्षेत्रका जाने कर्जा बढनु भनेको आर्थिक गतिविधि बढन थालेको संकेत हो । तर क्षेत्रगत रुपमा हेर्दा सेवा उद्योग र कृषि क्षेत्रमा ७ प्रतिशत बढिले कर्जा बढेको छ। जुन सुखद छ। तर उत्पादनमूलक क्षेत्रमा १.६ प्रतिशतमात्रै बढेको छ ।

- नेपालमा संचालित उद्योगधन्दामा साना तथा मझौलाको अंश लगभग ८६ प्रतिशत छ । अर्थतन्त्रमा करिब २३ प्रतिशत योगदान छ। कोभिडको सवैभन्दा ठूलो असर पनि यही क्षेत्रमा परेको देखिन्छ। यो क्षेत्र मुलुकको अर्थतन्त्रको Back bone पनि हो । साना तथा मझौला उद्योग व्यवसाय अधिकांश असंगठित क्षेत्रमा रहेकाले कोभिडका कारण यसमा आश्रित १६ देखि २० लाख मानिस प्रभावित भएका छन ।

- अब चालु आर्थिक बर्षको मौद्रिक नीति मार्फत घोषणा भएको साना तथा मझौला उद्यमी लक्षित पुर्नकर्जा प्रवाह पनि शुरु भएको छ। व्यवसाय निरन्तरता कर्जा पनि शुरु हुने क्रममा छ। यसले साना मझौला उद्यमीलाई राहत पुग्नेछ। तर पर्यटन लगायतका केहि अति प्रभावित क्षेत्रमा समस्या कम भएको छैन । त्यसैले अति प्रभावित क्षेत्रको श्रमिक व्यवस्थापन लगायतका क्षेत्रमा सरकारको सहकार्य खोजिरहेका छौं ।

**महासंघको भिजन पेपरः**

- अर्थतन्त्रमा निजी क्षेत्रको हिस्सा करिव ७० प्रतिशत र रोजगारी सृजनामा करिव ८० प्रतिशत रहेको छ । निजी क्षेत्रको योगदान र जिम्मेवारीलाई अझ बढाउन महासंघको वर्तमान नेतृत्वले **सम्मानित निजी क्षेत्र र समुन्नत मुलुक** को अभियानलाई अगाडी सारेको छ ।
- हामीले महासंघको नेतृत्व सम्हालेदेखिनै मुलुकको आर्थिक बिकासका लागि ३, ५ र १० बर्षे रणनीति सहितको **भिजन पेपर** तयार गरीरहेका छौ । वृहत्तर छलफलका माध्यमबाट उक्त पेपर तयार गरी वर्तमान नेतृत्वको हनीमुन पिरियड अर्थात १०० दिनमा त्यसको सार्वजनिक गर्ने कार्यक्रम छ । उक्त भिजन पेपरमा मुलत १) **दोहोरो अंकको आर्थिक वृद्धि, २) वार्षिक ४ लाखलाई रोजगारी ३) आयात प्रतिस्थापन र व्यापार घाटा नियन्त्रण ४) दिगो र उत्थानशील अर्थतन्त्र** निर्माणमा महत्वपुर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्ने लक्ष्य लिइएको छ ।
- भिजन पेपर अन्तर्गत हामी दुइ साताभित्र नै स्टार्ट अप का लागि विशेष योजना सार्वजनिक गर्दैछौ । यसमा हामी ५० जना युवाहरुलाई आवश्यक तालिम सहित पूजी जुटाएर उद्यमीका रुपमा स्थापित गर्ने योजना बनाएका छौ । यसको महत्वपुर्ण पक्ष भनेको यस्ता उद्यमी स्थापित नभएसम्म महासंघले उनीहरुको हात छोडने छैन् ।
- हामी पेपर पुरै तयार नहुदै पनि आवश्यकता अनुसार कार्यक्रम सार्वजनिक गर्दै जाने तयारीमा छौ । भिजन पेपरले पूर्णता पाएपछि सरकारसंगको सहकार्यमा कार्यान्वयन गर्ने योजना छ । यस वारेमा हामीले सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, राजनीतिक दलका शीर्षस्थ नेताज्यूहरुलाई समेत जानकारी गराइसकेको र श्रीमान सचिवज्यूहरुबाट पनि यसमा अर्थपूर्ण सहयोगको अपेक्षा हामीले गरेका छौं ।
- आजको समारोहमा यहांहरुको गरिमामय सहभागिताका लागि पुन एक पटक आभार प्रकट गर्दै **सरकार-निजी क्षेत्र** बीचको सहकार्य आगामी दिनमा अझ बढी घनिभुत ढंगले अगाडि बढ्ने विश्वास लिएको छु ।

धन्यवाद

२०७७ पुस ७ गते